# गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (DNFBPs) को सहभागितामा एक दिने कार्यशाला गोष्ठी सम्पन्न

वित्तीय जानकारी इकाई (FIU-Nepal) को आयोजनामा मिति २०८२ मंसिर १४ गते काठमाडौं, लाजिम्पाट स्थित Dusit Princess होटलमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र goAML System मा हुने रिपोर्टिङ्गमा पृष्ठपोषण आदानप्रदान गर्न गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी (Designated Non-Financial Businesses and Professions-DNFBPs), सम्बन्धित नियमनकारी निकायहरु, एशोसियसनहरु त्था व्यवसायीहरुको सहभागितामा एकदिने कार्यशाला गोष्ठी सम्पन्न भयो । कार्यक्रमको प्रमुख अतिथि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तथा समन्वय समितिका संयोजक **श्रीमान् फणिन्द्र गौतम** रहनुभएको थियो भने अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभागका महानिर्देशक **श्री मदनदहाल**, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागका महानिर्देशक **श्री रामकृष्ण लामिछाने**, भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक **श्री शिव प्रसाद रेग्मी** र नेपाल राष्ट्र बैंकका निर्देशक **डा. हरि कुमार नेपाल** आतिथि रहनुभएको थियो । कार्यक्रममा DNFBPs क्षेत्रका नियमनकारी निकायहरु, एसोसिएसनहरु, व्यवसायीहरु, मालपोत, कम्पनी रजिष्टारको कार्यालय लगायत ३५ भन्दा बढीसंस्था तथा निकायहरुबाट ५० भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



कार्यक्रमका प्रमुख अतिथि श्रीमान् फणिन्द्र **गौतमज्यू**ले गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायीको क्षेत्रमा राष्ट्रिय जोखिम प्रतिवेदन र APG Nepal's Mutual Evaluation, 2023 ले औंल्याएको कैफियतहरुको सन्दर्भमा सम्पत्ति शुद्धीकरण निवारणको प्रणालीमा देखिने र महशुस हुनेगरी सुधार/परिवर्तन हुनुपर्ने आवश्यकता रहेको बताउदै सबै नियामकलाई व्यापक समन्वय गरी ठोस काम गर्न निर्देशन दिनुभयो । नेपाल २०८१ फाल्गुण ९ गतेदेखि FATF को सघन अनुगमनको सूची (Jurisdiction Under Increased Monitoring अर्थात् ग्रे लिष्ट) मा परेको र प्रथम चरणलाई दुई बर्ष सुधारको समय प्राप्त भएकोले सो समयमा यथेष्ट प्रयास गरी उक्त ग्रे लिष्टबाट बाहिर निकाल्नु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा आमन्त्रित अतिथि तथा सम्बन्धित विभागका महानिर्देशकज्यूहरुले आ-आफ्ना क्षेत्रका सूचक संस्थालाई क्षेत्रगत निर्देशनहरु दिनुभयो । वहाँहरुले सरकारले

बनाउनुपर्ने सबै कानुन, निर्देशन र मार्गदर्शनहरु तर्जुमा भइसकेको जानकारी दिदै आगामी दिनमा ती निर्देशन तथा मार्गदर्शनको प्रभावकारी कार्यान्वायन गर्ने गराउनेमा जोड दिनुभयो । महानिर्देशकज्यूहरुले सबै सुचक संस्थाहरुलाई goAML System मा आबद्ध भई रिपोर्टिङ्ग गर्नुपर्ने आवश्यकता औंल्याउँदै आबद्ध हुनबाँकी सूचक संस्थाहरुलाई यथाशीघ्र आबद्ध हुन र प्रभावकारी रुपमा रिपोर्टिङ्ग कार्य गर्नका लागि जोड दिनुभयो । कार्यक्रममा ३ वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए । कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव, **श्री फइन्द्र प्रसाद गुरागाई,** आन्तरिक राजस्व विभागका उपसचिव, **श्री ऋषि राम पोखेल**, पर्यटन विभागका उपसचिव, **श्री लिलाधर अवस्थी**बाट AML/CFT सम्बन्धी DNFBPs ले पालना गर्नुपर्ने कानूनी तथा नियामकीय प्रावधानहरु, DNFBPs को नियमन/सुपरिवेक्षण, APG Nepal Mutual Evaluation, २०२३ ले DNFBPs क्षेत्रमा सुधार्नुपर्ने भनी औंल्याएका विषयवस्तु र सोको हालसम्मको प्रगति, नेपाललाई ग्रेलिष्टबाट बाहिर ल्याउन DNFBPs ले खेल्नुपर्ने भूमिका सम्बन्धमा कार्यपत्रहरुको प्रस्तुती भएको थियो । कार्यक्रममा अतिथि निर्देशक **डा. हरि कुमार नेपाल**ज्यूले छलफल सत्रको सहजीकरण गर्दै सम्पूर्ण सहभागीहरुको जिज्ञासा उपर सम्बोधन गर्नुभएको थियो ।



कार्यक्रमको अध्यक्षता इकाईका प्रमुख **वासुदेव भट्टराई**ज्यूले गर्नुभएको थियो । इकाईका प्रमुख **भट्टराई**ले इकाईले अन्तर निकाय समन्वय गरिरहेको जानकारी दिदै, व्यवहारिक रुपमा कानुनको कार्यान्वयन आवश्यक रहेको, कानुन कार्यान्वयनमा कुनै कठिनाई भए सहजीकरण गर्ने जानकारी दिदै सबै क्षेत्रले आ-आफ्नो तर्फबाट काम गर्न आग्रह गर्नुभयो । उहाँले वित्तीय जानकारी इकाईले सूचक संस्थाहरु र अनुसन्धानकारी निकायहरुको बीचमा रहेर सूचक संस्थाहरुले पठाएका प्रतिवेदनहरु प्राप्त गरी सोको विश्लेषण पश्चात् अनुसन्धानकारी निकायमा पठाउने गरेको जानकारी दिनु भयो । वित्तीय जानकारी (Financial Intelligence) लाई सम्पत्ति शुद्धीकरण निवारणमा प्रभावकारी रुपमा उपयोग गर्नका लागि गैर-वित्तीय पेशाकर्मी तथा व्यवसायी लाई goAML मा आवद्ध भई शंकास्पद कारोबार तथा गतिविधि प्रतिवेदन वित्तीय जानकारी इकाईमा पठाउन आग्रह गर्नु भयो ।

इकाईका उप-निर्देशक **सचिन राज पिया**ले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य प्रदान गर्नु भएको थियो भने सो कार्यक्रमको सञ्चालन सहायक निर्देशक **कमल पौडेल**ले गर्नुभएको थियो ।कार्यक्रमको सहजीकरण प्रधान सहायकहरु **पुजा शर्मा, सृजना न्यौपाने गर्तौला, विवेश पोखेल र जनम थापा** लगायतले गर्नुभएको थियो।